# नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण

# उच्चस्तरीय समन्वय समिति

**बैठक संख्या : १६**

**मिति : २०७६।१२।२५ गते मंगलबार**

**समय : अपरान्ह १:०० बजे**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/११/१८ को निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित **"नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति"** को बैठक देहायका माननीय मन्त्रीज्यू तथा उच्च पदाधिकारीहरुको उपस्थितिमा बसी देहायबमोजिम निर्णयहरु गरियो।

<u>उपस्थिति:</u>

| | | |
|---|---|---|
| १. | माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेल | संयोजक |
| २. | माननीय गृहमन्त्री श्री रामबहादुर थापा | सदस्य |
| ३. | माननीय परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली | सदस्य |
| ४. | माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल | सदस्य |
| ५. | माननीय कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुषाल | सदस्य |
| ६. | माननीय स्वास्थ्य तथा जनसंख्यामन्त्री श्री भानुभक्त ढकाल | सदस्य |
| ७. | माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट | सदस्य |
| ८. | माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई | सदस्य |
| ९. | माननीय अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा | सदस्य |
| १०. | उपाध्यक्ष, राष्ट्रिय योजना आयोग, प्रा.डा.पुष्पराज कँडेल | सदस्य |
| ११. | मुख्य सचिव श्री लोकदर्शन रेग्मी, नेपाल सरकार | सदस्य |
| १२. | सचिव श्री नारायणप्रसाद विडारी, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | सदस्य सचिव |

<u>विशेष आमन्त्रित:</u>

माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री हृदयेश त्रिपाठी

<u>आमन्त्रित:</u>

१. सचिव श्री महेन्द्रप्रसाद गुरागाई- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

२. सचिव श्री केदारबहादुर अधिकारी - संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

३. सचिव श्री महेश्वर न्यौपाने - गृह मन्त्रालय

आज मिति २०७६ चैत २५ गते माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा बसेको "नोभल कोरोना रोगरोकथाम तथा नियन्त्रण उच्चस्तरीयसमन्वय समिति"को १८ औं वैठकमा देहाय बमोजिम निर्णय गरियो-

१. दैनिक उपभोग्य अत्यावश्यक वस्तुहरुको आपूर्ति व्यवस्थालाई नियमित राख्न मालवाहक सवारी साधनहरुलाई सवारी पासको व्यवस्था मिलाई मालसामान ढुवानी कार्य जारी राख्ने, अन्य सवारी साधनहरुको आवागमनमा निगरानी एवं चेकजाँच रोक औचित्यपूर्ण नभएमा रोक लगाउने समेतका कार्यलाई कडाईका साथ प्रयोग र पालना गर्ने गराउने।

२. भारत तर्फ क्वारेन्टाइनमा रहेका नेपालीहरु र नेपाल तर्फ क्वारेन्टाइनमा रहेका विदेशीहरुलाई विश्व स्वास्थ्य संगठनवाट निर्धारित एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट स्वीकृत मापदण्ड बमोजिमको सेवासुविधा उपलब्ध गराई सम्मानपूर्वक क्वारेन्टाइन अवधिभर राख्ने, बस्ने व्यवस्था भारत एवं नेपाल दुबैतर्फ गर्न गराउन गृह मन्त्रालयले सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई सीमावर्ती समकक्षी अधिकारीहरुसँग आवश्यक समन्वय गर्ने । साथै, परराष्ट्र मन्त्रालयले भारत सरकारका सम्वद्ध निकाय सँग आवश्यक छलफल गर्ने ।

३. राष्ट्रिय योजना आयोगले कोभिड-१९ को संक्रमणवाट मुलुकको आर्थिक क्षेत्रमा परेको असर/प्रभाव वारे अध्ययन गरी सुधारका लागि सुझाव सहितको प्रतिवेदन तयार गरी प्रस्तुत गर्ने ।

४. नेपालमा कोभिड-१९ को संक्रमणको उच्च जोखिम कायमै रहेको अवस्थालाई ध्यानमा राखि नेपाली नागरिकको स्वास्थ्य सुरक्षा कायम राख्न सबै प्रकारका अन्तर्राष्ट्रिय व्यवसायिक हवाई उडानहरुलाई यहि ३० अप्रिल २०२० सम्मका लागी स्थगन गर्ने।

५. माननीय गृहमन्त्रीज्यूवाट वैठकमा प्रस्तुत "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी (नमुना) मापदण्ड, २०७६" परिमार्जन सहित स्वीकृत गर्ने ।

६. माननीय अर्थ र संचार तथा सूचना प्रविधिमन्त्रीज्यूवाट वैठकमा प्रस्तुत "कोरोना महामारी (COVID-19) रोकथाम तथा नियन्त्रणका लागि समुदायमा स्वयमसेवक परिचालन सम्बन्धी मार्गदर्शन, २०७६" परिमार्जन सहित स्वीकृत गर्ने ।

७. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।१२।२४ को निर्णयानुसार कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण र उपचार अभियानमा देहायका माननीय मन्त्रीज्यूलाई देहाय वमोजिम थप जिम्मेवारी तोकिएको व्यहोरा आजको वैठकमा जानकारी गराइयो ।

   ७.१ माननीय मन्त्री, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः प्रदेश नं. ५ को सरकारसँग समन्वय गर्ने ।

   ७.२ माननीय मन्त्री, वन तथा वातावरण मन्त्रालयः कर्णाली प्रदेश सरकारसँग समन्वय गर्ने ।

   ७.३ माननीय मन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः प्रदेश नं. २ को सरकारसँग समन्वय गर्ने ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२०७६।१२।२५
सचिव

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री

७.४ माननीय मन्त्री, युवा तथा खेलकुद मन्त्रालयः युवा, खेलाडी तथा राहत वितरणमा स्वयसेवकहरुको व्वस्थापन तथा परिचालनका लागि योजना बनाउने, कार्यान्वयनका लागि समन्वय गर्ने ।

७.५ माननीय मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः गण्डकी प्रदेश सरकारसँग समन्वय गर्ने ।

७.६ माननीय मन्त्री, खानेपानी मन्त्रालयः सुदुरपश्चिम सरकारसँग समन्वय गर्ने।

७.७ माननीय मन्त्री, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयः महिला बालबालिका तथा जेष्ठ नागरिकहरुमा परेको र पर्न सक्ने असरहरुको बारेमा सुधार र सम्बोधन गर्न आवश्यक कार्ययोजना बनाउने र सामाजिक संघ संस्थाहरु परिचालन गर्ने ।

७.८ माननीय मन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः प्रदेश नं. १ को सरकारसँग समन्वय गर्ने ।

७.९ माननीय मन्त्री, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः संसदमा रहेका विभिन्न राजनीतिक दलहरुसँग समन्वय गर्ने ।

८. माथि प्रकरण ७.१ देखि ७.९ सम्म उल्लिखित माननीय मन्त्रीहरुले आआफ्नो कार्यहरुको नियमित प्रतिवेदन माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री एवं नोवल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिका संयोजक समक्ष गर्ने ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

२०७६।१२।२४

सचिव

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री